नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सुनसरी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

## जिल्लाबासीमा अनुरोध !

सुनसरी कोशी प्रदेश अन्तरगतको ऐतिहासिक गौरव बोकेको धार्मिक, शैक्षिक तथा पर्यटकीय जिल्लाको रूपमा परिचित रहेको कुरा विदितै छ । जिल्लाभित्र धार्मिक तथा सांस्कृतिकरुपमा मनाइने एवं संचालन गरिने विवाह, जात्रा, अष्टजाम, सप्ताहा पुराणलगायतका कार्यक्रमहरुबाट ध्वनी प्रदूषण हुन गई दैनिक जीवनयापन, अध्ययन/अध्यापन, अस्पतालको सेवा प्रवाह लगायतमा असर परेको भन्ने जनगुनासोहरु प्राप्त हुन आएकोले यस्ता खालका गतिविधि गर्दा ध्वनी प्रदूषण नहुने तरिकाले कार्यक्रमहरु संचालन गर्नु, गराउनु हुन जिल्लाबासी सम्पूर्णमा यसै सूचनामार्फत अनुरोध गरिन्छ । साथै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रमलगायतका नाममा हुने विभिन्न गतिविधिहरु जस्तैः जोखिमपूर्ण मनोरन्जनात्मक खेल (रोटेपिङ्ग, ब्रेक डान्स, रेलगाडीलगायत जोखिमपूर्ण खेल), कुस्ती, जुवाजन्य गतिविधिहरु संचालन नगर्नु/नगराउनु हुनसमेत यसै सूचनामार्फत सम्बन्धित सबैमा जानकारीका लागि सूचित गराइन्छ । जिल्लाबासी सम्पूर्णले यो अभियानमा स्थानीय प्रशासनलाई सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा लिइएको छ ।

मिति: २०८०/०८/१०

(ओम प्रसाद भट्टराई)
सहायक प्रमुख जिल्ला अधिकारी

"व्यवसायिक र सिर्जनशील प्रशासन:विकास, समृद्धि र सुशासन"
☎०२५-५६५१५१, ५६५१३१, ५६५०२२, ५६५१७२ (निवास), 🖷०२५-५६६७२८
Email: daosunsari@gmail.com, website: www.daosunsari.moha.gov.np,facebookpage: www.facebook.com/daosunsari